# स्थानीय राजपत्र

कागेश्वरी मनोहरा नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः ४ मितिः २०८३।१।२९

**भाग — १**

## कागेश्वरी मनोहरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं, वागमती प्रदेश, नेपाल

## नगर प्रहरी सम्बन्धी ऐन, २०७९

**२०७९**

# कागेश्वरी मनोहरा नगरपालिका

## नगर प्रहरी सम्बन्धी ऐन, २०७९

प्रस्तावनाः कागेश्वरी मनोहरा नगरपालिका भित्र स्थानीय तहको सेवा प्रवाह एवं न्यायिक समितिको निर्णय कार्यान्वयन प्रभावकारी वनाउन, सार्वजनिक तथा निजी सम्पत्तिको सुरक्षा र संरक्षण गरी नगरपालिकामा कानूनको शासन स्थापित गर्दै नागरिकको जीउ धनको सुरक्षार्थ नगरवासीलाई स्थानीय सरकारको अनुभूति प्रदान गर्नको लागि नगर प्रहरीको गठन, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कागेश्वरी मनोहरा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद—१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "कागेश्वरी मनोहरा नगरपालिका नगर प्रहरी ऐन, २०७९"रहेको छ ।

(२) यो तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "नगरपालिका" भन्नाले कागेश्वरी मनोहरा नगरपालिका सम्झनु पर्दछ।

(ख) "सभा" भन्नाले नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(ग) "प्रमुख" भन्नाले कागेश्वरी मनोहरा नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(घ) "उपप्रमुख" भन्नाले कागेश्वरी मनोहरा नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कागेश्वरी मनोहरा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "अधिकृत" भन्नाले कागेश्वरी मनोहरा नगरपालिकामा कार्यरत अधिकृत कर्मचारी सम्झनु पर्दछ र सो शब्दले अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट नगरपालिकामा खटाईएको अधिकृतलाई समेत जनाउँछ ।

(छ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यो ऐन वा यस ऐन बमोजिम बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(ज) “जवान” भन्नाले अधिकृत बाहेकका नगर प्रहरी जवान सम्झनु पर्छ ।

(झ) “प्रहरी कर्मचारी” भन्नाले यस ऐन बमोजिम गठन भएको नगर प्रहरी सेवामा रहेका प्रहरी अधिकृत र जवान सम्झनुपर्छ ।

## परिच्छेद—२

## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

३. नगर प्रहरी सेवाको गठनः (१) नगरपालिकाले एक नगर प्रहरी सेवाको गठन गर्नेछ । नगर प्रहरी सेवामा रहने प्रहरी कर्मचारीको संख्या तोकेबमोजिम हुनेछ ।

(२) प्रहरी कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाको अन्य शर्त तोकेबमोजिम हुनेछ ।

(३) प्रहरी कर्मचारीको रेखदेख, नियन्त्रण र निर्देशन गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ र नगरपालिकाको आदेश र निर्देशन पालन गर्नुपर्ने प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

४. नगरपालिकामा रहने प्रहरी कर्मचारीको पद र तहः (१) नगरपालिकामा रहने प्रहरी कर्मचारीको पद देहाय बमोजिमको हुनेछ ।

(क) नगर प्रहरी निरीक्षक,

(ख) नगर प्रहरी नायव निरिक्षक,

(ग) नगर प्रहरी सहायक निरीक्षक,

(घ) नगर प्रहरी हवल्दार,

(ङ) नगर प्रहरी जवान ।

(२) नगरपालिकाले प्रत्येक प्रहरी कर्मचारीको पद अनुसारको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख कार्यविवरण तयार गरिनेछ ।

(३) प्रहरी कर्मचारीको परिचालन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (क) को उपखण्ड (२) बमोजिमको कार्यमा गरिनेछ । सो बाहेक अन्य कार्यको हकमा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद—३

## प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

थ. प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारः प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः—

(क) शान्ति सुरक्षा कायम गर्ने सवालमा नेपाल प्रहरी, सशस्त्र प्रहरी सँग समन्वय र सहयोग गर्ने ।

(ख) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(ग) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्न सहयोग गर्ने ।

(घ) नगरको बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने,

(ङ) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्न सहयोग गर्ने,

(च) सार्वजनिक, ऐलानी र प्रति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने,

(छ) नगरपालिका क्षेत्रमा हुने आगलागीका घटना नियन्त्रण गर्ने कार्यमा उपलब्ध जनशक्ति, दमकल र अन्य स्रोतसाधन सहित तत्काल परिचालन हुने,

(ज) विपदव्यवस्थापन सम्बन्धी घटनाहरूमा परिचालित भई तत्काल खोजी, उद्धार, राहत तथा पुनस्र्थापना कार्यमा सक्रिय भूमिका निर्वाह गर्ने,

(झ) अनधिकृत विज्ञापन तथा होर्डिङ्गबोर्ड नियन्त्रण गर्ने,

(ञ) छाडा घरपालुवा पशुपन्छी नियन्त्रण गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्न लगाउने,

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,

(ठ) वडाको सुरक्षार्थ आवश्यक व्यवस्था मिलाउने,

(ड) सावर्जनिक आवागमनमा बाधापुर्याई राखेको निर्माण सामग्री, पसल व्यवसायबाट भएका अवरोध हटाउन लगाउने, नमानेमा आफैले हटाउने र सो हटाउदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असलू उपर गर्न नगरपालिकामा पेश गर्ने ।

(ढ) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेका खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउन सहयोग गर्ने ।

(ण) तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तु बिक्री गरेको पाईएमा पहिलो पटकभए जफत गरी गाड्न लगाउने र पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्दगराउन राय साथ नगरपालिकामा पेश गर्ने ।

(त) रोगी वा काननूले निषेध गरको पशुपन्छी, जीवजन्तु काटमार गर्न नदिने र त्यस्ता पशुपन्छी, जीवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने, तर अटेर गरमा जफत गरी नष्ट गर्नुका साथै जरिवाना समेत गर्न नगरपालिकामा पेश गर्ने ।

(थ) खतरा उत्पन्न हुने रुख, जोखिम पूर्ण घर, पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र आदेशानुसार गर्ने ।

(द) वडा समिति, टोल विकास संस्थातथा सामुदायिक प्रहरी सँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्यगर्ने, गराउने ।

(ध) बिना ईजाजत तथा नवीकरण नभई संचालन गरेका पेसा, व्यवसाय भए दर्ता÷नवीकरण गर्न लगाउने ।

(न) नापतौलका सामग्रीको चेक जाँचगर्न र पसल व्यवसायमा मूल्य सूची राख्न लगाउने तथा चेक गर्न सहयोग गर्ने ।

(प) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज, पार्लर जस्ता व्यवसायमा हुने गतिविधि निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(फ) नगरपालिका क्षत्रेभित्र सावर्जनिक स्थलमा जादु, सर्कस, डायस, जुवा, तासलगायतका अन्य विकृतिजन्य क्रियाकलापमा रोक लगाउने ।

(ब) नगरपालिकाको निर्णय अनुसारअस्थायी प्रकृतिको बजार व्यवस्थागर्ने, त्यस्ता व्यापारीहरूको लगत राख्ने ।

(भ) अरुलाई बाधा पुग्ने गरी लाउडस्पिकर, रेडियो अथवा ध्वनि उत्पादन गर्ने अन्य उपकरण प्रयोगगर्न नदिने ।

(म) नगरपालिका अन्तर्गतका शाखा, उपशाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशनको कार्यान्वयनगरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(य) नगरमा हुने सभा, समारोह, परम्परा, जात्रा तथा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने,

(र) माथि तोकिए बमोजिमका कार्यहरू समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

(ल) कार्यपालिकाले तोकेका अन्य कार्यगर्ने ।

## परिच्छेद–४

## तह विभाजन र पदपूर्ति

६. दरबन्दी सिर्जना तथा खारेजीः (१) नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरबन्दीको सिर्जना तथा खारेजी कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(२) दरबन्दी सिर्जना तथा खारेजीको लागि प्रस्ताव पेश गर्नु अघि प्रमुख प्रशासकीय अधिकृतले सो पद सिर्जना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरबन्दीले थप गरेको कार्यबोझ वहन गर्न सक्ने वा नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) नगरपालिकाले आवश्यकता अनुसार कुनै संस्थासँग प्रचलित कानून बमोजिम सेवा करार मार्फत नगर प्रहरीको सेवा लिन सक्नेछ ।

(४) यस ऐन बमोजिम नगरपालिकाले प्रहरी कर्मचारीको दरबन्दी सिर्जना गर्दा स्थायी दरबन्दी सिर्जना गर्ने छैन ।

(थ) नगरपालिकाको वडा कार्यालयमा समेत नगर प्रहरीको क्रमशः व्यवस्था गरिनेछ ।

७. नगर प्रहरीको नियुक्तिः नगर प्रहरी सेवामा देहायका पदहरु पदमा खुला प्रतियोगिता तथा बढुवाद्वारा पूर्ति गरी नियुक्ति गरिनेछः—

(क) नगर प्रहरी निरीक्षक — खुला तथा बढुवा

(ख) नगर प्रहरी नायव निरिक्षक — बढुवा

(ग) नगर प्रहरी सहायक निरीक्षक — खुला तथा बढुवा

(घ) नगर प्रहरी हवल्दार — बढुवा

(ङ) नगर प्रहरी जवान — खुला

८. नियुक्ति गर्ने अधिकारी: दफा १० बमोजिमको पदपूर्ति समितिको सिफारिसमा छनौट भएका प्रहरी कर्मचारीलाई कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

९. खुल्ला प्रतियोगिताको लागि योग्यताः (१) नगर प्रहरी निरीक्षक पदको लागि हुने खुला प्रतियोगितामा भाग लिन अनुसूची—१ बमोजिमको योग्यता हुनुपर्नेछ ।

(२) नगर प्रहरी सहायक निरीक्षकको पदको लागि हुने खुला प्रतियोगितामा भाग लिन अनुसूची—२ बमोजिमको योग्यता हुनुपर्नेछ ।

(३) नगर प्रहरी जवान पदको लागि हुने खुला प्रतियोगितामा भाग लिन अनुसूची—३ बमोजिमको योग्यता हुनुपर्नेछ ।

१०. पदपूर्ति समितिः नगर प्रहरीको पदपूर्तिको लागि देहाय बमोजिमको एक पदपूर्ति समिति गठन गरिनेछ । नगर प्रहरीको नयाँ भर्ना तथा पदपूर्तिका लागि छनौट प्रकृयामा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत — अध्यक्ष

(ख) नगर प्रमुखले तोकेको कम्तिमा प्रहरी नायव उपरिक्षक वा सो भन्दा माथिको पदवाट अवकाश प्राप्त व्यक्ति— सदस्य

(ग) नगरपालिकाको समान्य प्रशासन शाखा प्रमुख — सदस्य सचिव

११. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) दफा ७ बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने,

(ख) खुला प्रतियोगिताको लागि पाठ्यक्रम निर्धारण गर्ने,

(ग) पदपूर्ति कार्यतालिका बनाउने,

(घ) परीक्षाको किसिम तोक्ने,

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने,

(च) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

(छ) नियुक्तिका लागि सिफारिश गर्ने,

(ज) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धित अन्य कार्य गर्ने ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाई गरी कार्यान्वयन गर्नसक्नेछ ।

१२. योग्यताक्रम सूची तयार गर्ने: (१) पदपूर्ति समितिले उम्मेदवारले प्राप्त गरेको अङ्कको आधारमा योग्यताक्रम सूची तयार गरीनतिजा प्रकाशन गर्नु पर्नेछ । त्यसरी नतिजा प्रकाशन गर्दा कुल रिक्तपदको बढीमा पन्ध्र प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गरिएका व्यक्तिलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिकोलागि पेश गर्नेछ ।

(३) नियुक्तिको लागि सिफारिश भएको मितिले पौंतीसदिनभित्र कार्यपालिकाले नियुक्ति दिने निर्णय गरी सक्नु पर्नेछ ।

(४) निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनु पर्नेछ ।

(५) वैकल्पिक उम्मेदवार छ महिनाभित्र नियुक्ति लिन नआएमा निजको सिफारिस स्वतः खारेज हुनेछ ।

१३. ज्येष्ठताक्रम कायम गर्ने: (१) नगर प्रहरी निरीक्षक र नगर प्रहरी सहायक निरीक्षकको ज्येष्ठताक्रम कायम गर्दा निजले आधारभूत तालिममा प्राप्त गरेको अङ्कको आधारमा कायम गरिनेछ ।

(२) बहालवाला नगर प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमको आधारमा ज्येष्ठताको क्रम निर्धारण गरिनेछ ।

१४. परीक्षणकालमा राखिनेः नयाँ नियुक्ति प्राप्त प्रहरी कर्मचारीलाई तीन महिनाको परीक्षणकालमा राखिनेछ । सो अवधिमा प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले निजको नियुक्ति रद्द गर्न सक्नेछ ।

१५. नियुक्ति सदर हुनेः परीक्षणकालमा रहेको प्रहरी कर्मचारीको काम सन्तोष जनक देखिएमा र आधारभूत तालिममा उत्तीर्ण भएमा त्यस्तो प्रहरी कर्मचारीलाई नेपालको राष्ट्रिय झण्डा र नगरपालिकाको प्रमुख समक्ष शपथ ग्रहण गराई प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ ।

## परिच्छेद–५

## आचरण

१६. दान उपहार लिन नहुनेः प्रहरीले कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृत बिना स्वदेशी तथा विदेशी संघ संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्सिस, पुरस्कार,कोसेली र उपहार स्वीकार गर्नुहुँदैन ।

१७. चन्दालिन नहुनेःकुनै प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति बिना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

१८. सम्पत्तिको विवरण पेश गर्नुपर्नेः प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिनाभित्र नगर कार्यपालिकाको कार्यालयमा तोकिएको ढाँचामा सम्पत्ति विवरण दाखिला गर्नुपर्नेछ ।

१९. व्यापार व्यवसाय गर्न नहुनेः प्रहरी कर्मचारीले कार्यालयको पूर्व स्वीकृती बिना कुनै पनि व्यापार व्यवसाय गर्नुहुँदैन ।

२०. कर्तव्य पालनाको शिलशिलामा जानकारीमा आएका कुराहरु प्रकाशन गर्न नहुनेः प्रहरी कर्मचारीले नगरपालिकाद्वारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैर सरकारी संघ संस्थाबाट प्राप्त गरेका वा आफैले लेखेको अथवा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्षवा अप्रत्यक्षरुपबाट यस ऐन बमोजिमको अधिकार प्राप्त व्यक्ति बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुँदैन।

२१. रेडियो, टेलिभिजन वा पत्रिकासँग सम्पर्क राख्न नहुने : (१) प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा का७पनिक नामबाट

अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा आम सञ्चारका माध्यमद्वारा प्रसारण गर्न हुँदैन। तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक, वैज्ञानिक वा व्यावसायिक विषयको भएमा यस्तो स्वीकृति लिइरहनु पर्दैन ।

(२) उपदफा (१) बमोजिमप्रकाशन वा प्रसारण गर्न मिल्ने सामग्रीको सम्बन्धमा त्यस्तो सामग्री प्रकाशन वा प्रसारण गरेपछिनगरपालिकालाई सोको जानकारी गराउनु पर्दछ ।

२२.नगरपालिकाको आलोचनाः प्रहरी कर्मचारील नगरपालिकाको नीतिको विपरीत अथवा नगरपालिकाको प्रतिष्ठामा आँच आउने गरी विचार व्यक्त गर्ने, सम्वाद, लेख रचना प्रकाशन गर्नु हुँदैन ।

२३. निर्वाचनमा भाग लिन नहुनेः प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभाव पार्न हुँदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

२४. राजनीतिमा भाग लिन नहुनेः प्रहरी कर्मचारीले कुनै राजनीतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनीतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनीतिक संस्था वा आन्दोलनलाई सहयोग गर्नहुँदैन ।

२५. समय पालन र नियमितताः प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र स्वीकृत गराएर मात्र बिदामा बस्नुपर्नेछ ।

२६. अनुशासन र आज्ञापालनः (१) प्रहरी कर्मचारीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नु पर्नेछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आदेशलाई पालना गर्नु पर्नेछ ।

(३) प्रहरी कर्मचारीले सदैव आफ्नो प्रमुखको आदेशको मातहत (चेन अफ कमाण्ड) मा रही कार्यसम्पादन गर्नुपर्नेछ ।

२७. बाहिरी प्रभाव पार्न नहुनेः प्रहरी कर्मचारीले कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाव पार्ने वा पार्नेप्रयत्न गर्न हुँदैन।

२८. बहुविवाह गर्न नहुनेः प्रहरी कर्मचारीले प्रचलित कानून विपरीत हुनेगरी बहुविवाहवा अनमेल विवाह गर्नवा गराउनु हुँदैन ।

२९. लैङ्गिक सम्वेदनशील हुनुपर्ने: प्रहरी कर्मचारीले कार्यसम्पादन गर्दा लैङ्गिक सम्वेदनशीलतालाईध्यान दिनुपर्नेछ ।

३०. हातपातवा जोरजुलुम गर्न नहुने: प्रहरी कर्मचारीले आफुभन्दा माथिल्लो वा मातहतको प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुँदैन ।

## परिच्छेद–६

## सजाय र पुनरावेदन

३१. सजायः (१) मनासिब माफिकको आधार प्रमाण भएमा प्रहरी कर्मचारीलाई देहायको सजाय हुन सक्नेछः–

(क) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने,

(ख) नसिहत दिने,

(ग) तलब वृद्धि वा पदोन्नति रोक्का गर्ने,

(घ) एक तह तलको पदमा घटुवा गर्ने ।

(ङ) भविश्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने,

(च) भविश्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

(२) प्रहरी कर्मचारीको लापरबाहीको कारण नगरपालिकालाई कुनै हानि नोक्सानी भएको ठहर भएमा त्यस्तो हानि नोक्सानीको बिगो बमोजिमको रकम निजबाट असुल गरिनेछ ।

३२. नसिहत दिने वा प्रतिकुल राय लेख्नेः प्रहरी कर्मचारीले काममा साधारण लापरबाही गरेमा नसिहत दिन सकिनेछ। दुई पटकसम्म नसिहत दिंदा पनि निजले काममा लापरबाही गरेमा निजकोचालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकुल राय लेखिनेछ ।

३३. तलब वृद्धि वा पदोन्नति रोक्नः प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

३४. दर्जा र तलब घटाउनेः कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराŭन सक्ने र नगरपालिकालाई हानि नोक्सानी पुर्याएकोमा सो समेत निजबाट भराउन सक्नेछः—

(क) सन्तोषजनक काम नगरेमा,

(ख) अनुशासनहीन व्यवहार प्रदर्शन गरेमा,

(ग) पदीयआचरण उल्लंघन गरेमा,

(घ) मनासिब कारण नभई नियुक्ति भएको एक वर्ष भित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा,

(ङ) कार्यपालिकाले दिएको आदेश वा निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

(च) मनासिब कारण नभई वा बिदा स्वीकृत नगराई बिदा बसेकोमा वा गैर हाजिर भएमा,

(छ) काममालापरबाही गरेमा वा ऐन वा नियमको पालना नगरेमा ।

३५. सजाय गर्ने अधिकारः(१) प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृते आवश्यक ठानेमा स्वयं वा अन्यकुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकृतले आवश्यकता अनुसार सम्बन्धित प्रहरी कर्मचारीलाई समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(३) कुनै फौजदारी अभियोगमा पुर्पक्षको लागि थुनामा रहेको प्रहरी कर्मचारी थुनामा रहेको अवधि भर स्वतः निलम्बन हुनेछ ।

(४) यस दफा बमोजिम सजायको प्रकृया अवलम्बन गर्नु पूर्व प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

(५) फौजदारी अभियोग लागेको प्रहरी कर्मचारीले अभियोगबाट सफाई पाएमा निजले पूर्ववत सेवामा बहाल रहने सुविधा पाउनेछ ।

३६. सजायको आदेश जाँचबुझको लागि दिनेः दफा ३५ को उपदफा (२) बमोजिम जाँचबुझको काम समाप्त भएपछि सम्बन्धित प्रहरी कर्मचारीलाई निजसँग स्पष्टीकरण मागिएको भए निजले तोकिएको

समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टीकरण चित्त बुझ्दो नभएमा प्रमुख प्रशासकीय अधिकृतले सजायको आदेश दिन सक्नेछ र त्यसरी दिइएको सजाय आदेशको एक प्रति निजलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद–७

## प्रहरीको कर्मचारीको पोशाक

३७. प्रहरीको कर्मचारीको पोशाकः प्रहरी कर्मचारीको पोशाकको रंङ, किसिम र अन्य विवरण नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

३८. प्रारम्भिक पोशाक र सामानः प्रहरी कर्मचारीलाई कार्यपालिकाले तोकिदिए बमोजिमको पोशाक र सामान उपलब्ध गराइनेछ ।

३९. जाडो मौसमका लागि दिइने पोशाकः प्रत्येक प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक नगरपालिकाबाट उपलब्ध गराइनेछ ।

## परिच्छेद–८

## विविध

४०. पुरस्कार तथा प्रोत्साहनः प्रहरी कर्मचारीले कर्तव्यपालनको सिलसिलामा उल्लेखनीय प्रशंसनीय कार्य गरेमा त्यस्तो प्रहरी कर्मचारीलाई पुरस्कार तथा प्रोत्साहन स्वरुप रकम वा अन्य सुविधा नगरपालिकाबाट उपलब्ध गराउन सकिनेछ ।

४१. चाडवाड खर्च पाउनेः प्रहरी कर्मचारीले प्रत्येक वर्ष निजले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम चाडवाड खर्चको रुपमा पाउनेछ ।

४२. यसै ऐन बमोजिम हुनेः प्रहरी कर्मचारीको पारश्रिमिक, सेवाका शर्त, तथा अन्य सुविधा यस ऐनमा व्यवस्था भएकोमा यसै ऐन बमोजिम हुनेछ । यस ऐनमा व्यवस्था नभएका विषयका हकमा प्रचलित कानून बमोजिम नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

४३. नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउने अधिकारः यस ऐनको कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्नसक्नेछ ।

## अनुसूची–१

### (दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

नगर प्रहरी निरीक्षक पदको लागिआवश्यक न्यूनतम योग्यता

(१) दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म बीस वर्ष उमेर पुगेको र पच्चीस वर्ष ननाघेको,

तर खुला प्रतियोगितामा भाग लिने बहालवाला प्रहरी कर्मचारीको हकमा पौंतीस वर्ष ननाघेको र नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा एकचालीस वर्ष उमेर ननाघेको ।

(२) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको,

(३) नैतिक पतन देखिनेकुनै फौजदारी अभियोगमासजाय नपाएको,

(४) कुनै राजनीतिक दल र सो दलको भातृ संस्था संगठनको सदस्य नरहेको,

(थ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको,

(६) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३३, तौल थथ के.जी. भएको,

(७) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४५ के.जी. भएको,

(८) आँखा माइनस २ वा प्लस २ भन्दाबढी कमजोर नभएको,

(९) कुनै सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको,

(१०) नेपाली नागरिक,

(११) कुनै विध्वंसात्मककार्यमा संलग्ननरहेको,

(१२) भविष्यमासरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको ।

## अनुसूची–२

### (दफा ९ को उपदफा (२) सँग सम्बन्धित बमोजिम)

नगर प्रहरी सहायक निरीक्षकको पदको लागिआवश्यक न्यूनतम योग्यताः

(१) दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म अठार वर्ष उमेर पुगेको र चौबीस वर्ष नाघेको,

तर खुला प्रतियोगितामा भाग लिने बहालवाला पुरुष प्रहरी कर्मचारीको हकमा पैतिस वर्ष र महिला प्रहरी कर्मचारीको हकमा चालीस वर्ष ननाघेको र नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत्त भइसकेकाको हकमा चालीस वर्ष उमेर ननाघेको ।

(२) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको,

(३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(४) कुनै राजनीतिक दल र सो दलको भातृ संस्था संगठनको सदस्य नरहेको,

(थ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको,

(६) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३३, तौल थथ के.जी. भएको,

(७) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४५ के.जी. भएको,

(८) आँखा माइनस २ वा प्लस २ भन्दाबढी कमजोर नभएको,

(९) कुनै सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको,

(१०) नेपाली नागरिक,

(११) कुनै विध्वंसात्मक कार्यमा संलग्न नरहेको,

(१२) भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको ।

## अनुसूची—३

## (दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

नगर प्रहरी जवान पदको लागिआवश्यक न्यूनतम योग्यता

(१) दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म अठार वर्ष उमेर पुगेको र पच्चीस वर्ष नाघेको, तर नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा पौंतालीस वर्ष उमेर ननाघेको ।

(२) आठ कक्षा वा सो सरह उत्तीर्ण गरेको,

(३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(४) कुनै राजनीतिक दल र सो दलको भातृ संस्था संगठनको सदस्य नरहेको,

(थ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको,

(६) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३३, तौल थथ के.जी. भएको,

(७) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४५ के.जी. भएको,

(८) आँखा माइनस २ वा प्लस २ भन्दाबढी कमजोर नभएको,

(९) कुनै सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको,

(१०) नेपाली नागरिक,

(११) कुनै विध्वंसात्मक कार्यमा संलग्न नरहेको,

(१२) भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको ।

................................

आज्ञाले
पुरुषोत्तम सुवेदी
प्रमुख प्रिासकीय अलिकृत

सातौ नगरसभावाट स्वीकृत मितिः २०८०।१२।४
प्रमाणिकरण मितिः २०८०।१२।४